# बागमती प्रदेश सभा

## चौथो अधिवेशन

## बैठक संख्याः २३

## संक्षिप्त विवरण

## २०८१ असार ७ गते, शुक्रबार

## दिउँसोको ६:२० बजे

१. प्रदेश सभाको चौथो अधिवेशनको दोस्रो बैठक माननीय सभामुख श्री भुवनकुमार पाठकको अध्यक्षतामा शुक्रबार दिउँसोको ६:२० बजे प्रारम्भ भयो।

२. माननीय सभामुखले माननीय सदस्यज्यूहरुलाई बैठकमा शुन्य समय र विशेष नरहने व्यहोरा जानकारी दिनु भएको थियो ।

३. माननीय सभामुखले माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री जगन्नाथ थपलियालाई **"आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) "** माथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिनुभयो ।

४. माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री जगन्नाथ थपलियालाई **"आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) "**माथिको छलफलमा उठेका प्रश्नहरुको वहाँले जवाफ दिनुभयो ।

५. माननीय सभामुखले **"आर्थिक वर्ष २०८१/०८२ को राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) "**माथिको छलफल समाप्त भएको जानकारी दिनुभयो ।

६. माननीय सभामुखले माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री जगन्नाथ थपलियालाई **"आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१" प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम सभा** समक्ष पेस गर्न अनुमति दिनुभयो ।

७. माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री जगन्नाथ थपलियालाई "**आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यको लागि प्रदेश संचित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०८१" प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (५) बमोजिम सभा** समक्ष वहाँले पेस गर्नुभयो ।

८. माननीय सभामुखले प्रदेश सभाको अर्को बैठक मिति २०८१ साल असार ११ गते मंगलबार बिहानको ११:०० बजे बस्ने गरी स्थगित गर्नुभयो ।

**(कृष्ण हरि खड्का)**

**सचिव**